पा.मू. ३३०

सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन   गोपाल मिजार   २०६८

# सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर
तह, एम.एड. दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टीकरण विषयको आंशिक आवश्यकता
पूरा गर्नको लागि तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
गोपाल मिजार
परीक्षा रोल नं. २८००३२/२०६५
त्रि.वि.दर्ता नं. :९-२-२४५-९३-२००३

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग
कीर्तिपुर, काठमाडौं
२०६८

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
**शिक्षा शास्त्र केन्द्रीय विभाग**
कीर्तिपुर,काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ स्नातकोत्तर तह एम.एड. दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री गोपाल मिजारले **"सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन"** शीर्षकमा मेरो प्रत्यक्ष निर्देशनमा रही शोधपत्र तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०६८/०५/२२

.......................................

शरणहरि श्रेष्ठ

शोध-निर्देशक

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
**शिक्षा शास्त्र केन्द्रीय विभाग**
कीर्तिपुर,काठमाडौं

## स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ स्नातकोत्तर तह एम.एड. दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री गोपाल मिजारले **"सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन"** शीर्षकमा तयार पार्नु भएको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि यस समितिमा पेश गर्नु भएकोमा यस मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

| | **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा. स्वयंप्रकाश ज.व.रा | ................................. |
| | (विभागीय प्रमुख) | |
| २. | श्री शरणहरि श्रेष्ठ | ................................. |
| | (शोध निर्देशक) | |
| ३. | प्रा.डा.प्रेमनारायण अर्याल | ................................. |
| | (बाह्य परीक्षक) | |

मिति :२०६८/०५/२२

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत **'सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन'** शीर्षकको शोधपत्रको प्रस्तावना कार्य देखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका श्री शरणहरि श्रेष्ठज्यूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु ।

शोधपत्र तयारीको क्रममा स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनुहुने विभागीय प्रमुख प्राध्यापक स्वयंप्रकाश ज.ब.रा. ज्यूप्रति आभार प्रकट गर्दछु । समय समायमा सल्लाह सुझाब प्रदान गर्नु हुने उप-प्रा. किरणराम रञ्जितकारज्यू, उप-प्रा शिवराज वडुज्यू, उप-प्रा. यशोधरा पन्तज्यू र उप-प्रा. विश्ववाला थापाज्यूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र तयारीको क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु उपलव्ध गराएर सहयोग पुऱ्याउनु हुने सामुदायिक विद्यालयतर्फ पाँचखाल-८, काभ्रेपलाञ्चोकमा रहेको श्री जोरपाटी माध्यमिक विद्यालय र संस्थागत विद्यालयतर्फ पाँचखाल-६, काभ्रेपलाञ्चोकमा रहेको गोल्डेन फ्यूचर उच्च माध्यमिक विद्यालयका प्र.अ./प्राचार्य, वि.व्य.स. अध्यक्ष, विषय शिक्षकहरु, विद्यार्थीहरु र अभिभावकहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

त्रि.वि. केन्द्रीय पुस्तकालय र शोधपत्र तयारी गर्ने क्रममा आवश्यक सामग्री सङ्कलनदेखि अन्तिम कार्य सम्म निरन्तर सहयोग गर्नु भएका श्री सूर्यप्रसाद श्रेष्ठ र नन्दकुमार श्रेष्ठप्रति पनि विशेष आभार व्यक्त गर्दछु ।

मेरो जीवनका हरेक क्षेत्रमा सफलताको कामना गर्दै सँधै उच्च शिक्षा अध्ययनमा लाग्न प्रेरित गरिरहने मेरा बुवा श्री पूर्णबहादुर मिजार र आमा बाटुली मिजारप्रति म सदा ऋणी छु । मेरो उच्च शिक्षा अध्ययनलाई निरन्तरता दिन थप प्रेरित गर्दै आवश्यक सहयोग पुऱ्याउने जीवनसंगिनी कमला मिजारलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा अत्यन्त व्यस्त समय, प्रविधिक समस्या हुँदाहुँदै पनि छिटो छरितो यथासक्य शुद्ध टङ्कन गरी समयमै शोधपत्रको स्वरुप दिने 'एकेडेमिक कम्प्युटर लिङ्क', नयाँ वजार कीर्तिपुर र 'ओम टेक्निकल एकेडेमी' पाँचखाल, काभ्रेपलाञ्चोकलाई पनि धन्यवाद दिन चाहन्छु ।

गोपाल मिजार

२०६८

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत **'सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन'** शीर्षकमा तयार पारिएको शोधपत्र विशेष गरी सामुदायिक र संस्थागत प्राथमिक विद्यालयको विद्यार्थी मूल्याङ्कन प्रणालीवारे तुलनात्मक अध्ययनमा केन्द्रित छ । यस अध्ययनको उद्देश्यहरु पहिलो सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको निरन्तर मूल्याङ्कन प्रकृयामा रहेका समानता र भिन्नता पत्ता लगाउनु, दोस्रो सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको आवधिक परीक्षामा रहेका समानता र भिन्नता पहिचान गर्नु तथा तेस्रो सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको अन्तिम मूल्याङ्कनमा रहेका समानता र भिन्नता प्रष्ट पार्नु रहेका छन् । ती उद्देश्यहरु पूरा गर्न नमुना छनौटमा परेका जनसंख्याबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी व्याख्या तथा विश्लेषण गरिएको थियो ।

यस अध्ययनको लागि नमूना छनौटमा परको सामुदायिक तर्फ श्री जोरपाटी माध्यमिक विद्यालय र संस्थागत तर्फ गोल्डेन फ्यूचर उ.मा.वि.को प्राथमिक तहको अन्तिम तहमा पर्ने कक्षा ५ को सम्पूर्ण विषयहरुको मूल्याङ्कन प्रणालीको वारेमा अध्ययन गरिएको छ । प्राथमिक तहको शैक्षिक मूल्याङ्कनको वास्तविक स्थिती बुझ्न चाहनेहरुको लागि सहयोग पु¥याउने आशाकासाथ गरिएको यस अनुसन्धान सन्दर्भ वा पाठ्यवस्तु, शैक्षिक कार्यक्रमको समग्र लगानी, शैक्षिक प्रकृया र उपलब्धिको समग्र मूल्याङ्कन ढाँचा (Context, Input, Process and Output Model) का आधारमा सम्पन्न गरिएको छ । विद्यार्थी मूल्याङ्कनका विविध पक्षहरु अन्तर्गत निरन्तर मूल्याङ्कन, आवधिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कनको वारेमा चर्चा गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि सम्भावनायुक्त नमूना छनौटको उपयोग गरिएको छ । छनौटमा परेको सामुदायिक तथा संस्थागत

विद्यालयको प्र.अ./प्राचार्य, वि.व्य.स. अध्यक्ष, विषय शिक्षक, विद्यार्थी र अभिभावकबाट सूचनाहरु संकलन गरिएको थियो ।

सूचनाहरु संकलनको लागि अनुसन्धनकर्ता स्वयम छनौटमा परेका विद्यालहरुमा गई लिखित तथा मौखिक शैलीमा अन्तर्वाताको प्रयोग गरिएको थियो । यस अध्ययनमा  गुणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचालाई अवलम्वन गरिएको छ ।

यस अनुसन्धानमा व्याख्यात्मक तथ्याङ्क तथा सूचनाहरु संकलन गरी व्याख्यात्मक रुपमै विश्लेषण गरिएको छ । यस अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट विभिन्न सूचनाहरु प्राप्त भएका छन् । सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा वार्षिक कार्यतालिकाको निर्माण गरी शैक्षणिक क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । दुवै विद्यालयमा प्रायः शिक्षकहरुले दैनिक रुपमा लिखित पाठयोजनाविना नै शिक्षण गरेको पाइयो । दुवै विद्यालयमा प्रथम त्रैमासिक परीक्षामा १० प्रतिशत, द्वितीय त्रैमासिक परीक्षामा ३० प्रतिशत र अन्तिम परीक्षामा ६० प्रतिशत अंकभार रहने गरी मूल्याङ्कन गर्ने परिपाटी रहेता पनि संस्थागत विद्यालयको उत्तीर्णाङ्क प्रत्येक परीक्षाको ४० प्रतिशत र सामुदायिक विद्यालयको उत्तीर्णाङ्क ३२ प्रतिशत रहेको पाइयो । सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा केही फरक किसिमको पाठ्यक्रम लागू गरेका पाइयो । दुवै विद्यालयमा भने परीक्षा बाहेक मूल्याङ्कनका अन्य साधनहरुको प्रयोगको अवस्था भने न्यून पाउनुको साथै निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था समेत कमजोर पाइयो ।

यस अध्ययनबाट देखिएका समस्याहरु समाधानका लागि दैनिक रुपमा लिखित पाठयोजना निर्माण गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागू गनुपर्ने, एकै किसिमको पाठ्यक्रम लागू गर्नुपर्ने र परीक्षा वाहेक मूल्याङ्कनका अन्य साधनहरुको प्रयोग समेत गर्नुपर्ने सुझावहरु दिइएको छ ।

# विषयसूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

**परिच्छेद - एक**

**परिचय** **१-१३**

१.१ अध्ययनको पृष्ठभूमि १

१.१.१ अध्ययन क्षेत्रको परिचय ५

१.२ अध्ययनको महत्व ६

१.३ समस्याको कथन ८

१.४ अनुसन्धानात्मक प्रश्नहरु १०

१.५ अध्ययनका उद्देश्यहरु ११

१.६ अध्ययनको परिसीमा ११

१.७ शब्दावलीको परिभाषा १२

**परिच्छेद - दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन** **१४-२३**

२.१ अध्ययनको सैद्धान्तिक साहित्य १४

२.१.१ निर्माणात्मक मूल्याङ्कन २०

२.१.२ निर्णयात्मक मूल्याङ्कन २०

२.२ पूर्व अध्ययनको पुनरावलोकन २२

२.३ अवधारणत्मक ढाँचा २२

## परिच्छेद - तीन

## अध्ययन विधि २४-३१


३.१ अनुसन्धानको ढाँचा २४

३.२ अध्ययनको जनसंख्या २५

३.३ नमूना छनौट २६

३.४ साधन निर्माण २८

३.५ साधनको वैधता ३०

३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया ३१

३.६.१ प्राथमिक स्रोत ३१

३.६.२ सहायक स्रोत ३१

३.७ नीतिगत पक्ष ३१


## परिच्छेद - चार

## तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण ३२-४४


४.१ सामुदायिक र संस्थागत विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रिया ३५

४.१.१ अवलोकन ३६

४.१.२ कक्षाकार्य ३६

४.१.३ गृहकार्य ३६

४.१.४ एकाइ परीक्षा ३७

४.१.५ मासिक परीक्षा ३७

४.१.६ त्रैमासिक परीक्षा ३८

४.१.७ अवस्था अध्ययन ३८

४.१.८ श्रेणी मापन ३८

४.१.९ डायरी अध्ययन ३८

४.१.१० संचित अभिलेख ३९

४.१.११ वार्षिक परीक्षा ३९

४.२ मूल्याङ्कनका साधनहरुको निर्माण र प्रयोग ३९

४.२.१ मूल्याङ्कनका साधनहरुको निर्माण ४०

४.२.२ मूल्याङ्कनका साधनहरुको प्रयोग ४१

४.२.३ मूल्याङ्कनको व्यवस्थापन ४१

४.३ सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कनका समानता र भिन्नता ४२

४.३.१ मूल्याङ्कनगत समानता ४२

४.३.२ मूल्याङ्कनगत भिन्नता ४३

४.४ मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु समाधानका उपायहरु ४३

**परिच्छेद - पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरु ४५-५१**

५.१ प्राप्तिहरु ४५

५.२ निष्कर्षहरु ४७

५.३ सुझावहरु ५०

सन्दर्भसूची

अनुसूचीहरु